**देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७४**

**प्रमाणीकरण मिति : २०७४। ।**

**स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७४। ।**

## २०७४ सालको ऐन नं. ....

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन **ऐन,** २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम **देवदह** नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम "**देवदह** नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) **ऐन,** २०७४" रहेको छ।

(२) यो ऐन **देवदह** नगरपालिकाको नगर सभाले पारित गरेपछि लागू हुनेछ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले "**देवदह** नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४" सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले **देवदह** नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले **देवदह** नगरपालिका सम्झनु पर्छ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त **देवदह** नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही **देवदह** नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।